# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/ १० /१५

पांचौ अधिवेशन

(चौथो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

माननीय सदस्यहरू, **पिठासिन माननीय अर्जुन वहादूर थापा**

यस सभाको पांचौ अधिवेशनको चौथो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म उद्योग,पर्यटन ,वन तथा वातावरण मन्त्री माननीय माया भट्टको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई नीजि व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को (१) बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय सदस्यहरू,**

अब, म नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ माथि विचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

***(“हुन्छ” भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

***(“हुन्न” भनेपछि)***

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५

मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम **माननीय बलदेव रेग्मी** लाई समय दिन्छु ।

**माननीय बलदेव रेग्मी :**

**मननीय सभामुख महोदय** नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ **लाइ** उद्योग,पर्यटन ,वन तथा वातावरण **मन्त्रालयले जेहोस ढिलै भएपनि यो आउकोछ। यसका लागि म मन्त्रालयलाइ हमर्दिक धन्यावाद दिन चाहान्छु। स्वभाविक रुपमा व्यवशाय गर्नकोलागि निजि व्यवसायलाइ प्रोत्सान गर्नकोलागि पनि यो विधेयक अउन अति आवस्यक थियो। निजि लगानि कर्तालाइ पनि यसले सेवा पाउनु पर्ने प्रावधानलाइ पनि यस्ले समेट्नु पर्ने आवस्यक्ता थियो। यसमा धेरै कुराहरु समेटिएकाछन। विषेश गरेर दर्ता पर्क्रियालाइ पनि यसले ध्यान दिएको छ। विगतमा दर्ता भएर लामो समय कामगरि पुनः दर्तागर्नु पर्नेभएकालाइ पनि एक महिनाको समय दिएर थप सहयोग गरेको छ। त्यस्तै सम्वन्धित निकायलाइ तोकिए वमोजिम आवस्यक जाचवुज गरेर मनासिव देखिएमा त्यो विधेयकलाबइ अगाडि वडाउने खालको पनि व्यवस्था भएकोछ। त्यसमा नितिगत रुपमा पनि नविकरणको लागि मैले पहिलेनै भनिसके कानुनि रुपमा पनि यस्ले कुनैपनि उद्धोग कारोवार संचालन गर्नकालागि यदि निजि व्यवसायले गर्ता गरेको छैनभने निजिरुपमा पनि कारोवार गर्न नपाउने व्यवस्था गरेकोछ। नितिगत रुपमा ढाटेको भएपनि खारिज गर्न सकिने र त्यस्तो व्यवसाय खारिज गर्नुअघि सफाइको पनि अवसर दिएको हुनाले योपनि उल्लेखनिय कुराछ। कुनै उद्ध्योग दर्ता गरेको व्ययवसायिले दर्ता खारिज गरेको ज्१ वर्ष भित्र अर्को उद्ध्योग दर्ता गर्न नपाउने व्यवस्था पनि गरेकोछ। त्यस्तै जरिवानाको व्यवस्था पनि गरिएकोछ। विषेश गरि जरिमानाको कुरा गर्दा ५००० देखि १०००० सम्म पहिलो पटक र १००००देखि १५००० सम्म दोस्रो पटकलाइ भन्ने व्यवस्था पनि गरेकोछ। साथै युलेविल्ला अदालतमा पुनरा वेदनको समेत व्यवस्था गरेकोछ। यसमा समेट्नु पर्ने भनेको पुरुस्कार र सम्मानलाइ पनि यसमा समेटंन पाए राम्रो हुने थियो। यति भन्दै मेराभनाइ यहि अन्त गर्न चाहान्छु धन्यावाद।**

**माननीय कुमारी नन्दा बम**

माननीय, सभामुख महोदय निजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ को सैद्धान्तिक छलफलमा जुटीरहेकाछौ। यो विधेयक अरु विधेक भन्दा अलि भिन्न् छ किनकी यो विधेयक अरु विधेयक अरु विधेयक भन्दा अलि पृथकछ। व्यवसायमा हामि धेरै पछाडि छौ त्यसकारण यो विधेयक अलि पहिलेनै आउनु पर्थ्यो ढिलै भएपनि व्यवसायका लागि एउटा महत्व पुर्ण भुमिका खेल्नेछ भन्ने मैले आसा लिएकोछु। सभामुख महोदय दर्ताका सवालमा भाहे निजि व्यवसाय होस चाहे सामुहिक होस दर्ता गर्नुपर्दा निसुल्क गर्नु पर्छ भन्ने मेरो मागहो किनकि दर्ता गर्दा त्यो व्यवसाय फस्टाएको हुदैन । व्यवसाय गर्नकालागि मनसाय मात्रै वनाएको हुन्छ ।सुदूर पश्चपम प्रदेशमा अझ व्यवसायि हरुत भाहे महिलाहरु हुन चाहे दलित हुन चाहे पिछ्णा क्षेत्रका व्यक्ति हरु हुन । एकदमै पछाडि भएको कारणले हामिले यसलाइ निसुल्क गर्नु पर्छ। अर्को माने राज्य कुनैपनि व्यवसायि हरुको अभिभावक हुन्छ। अभिभावक भएको कारणले गर्दा राज्यले आफ्ना छोरा छोरिलाइ रोजगारि दिनुपर्छ। यदि छोरा छोरिलाइ रोजगारि दिन सकेन भने छोराछोरिले आफै व्यवसाय गर्छु भन्दा राव्यले प्रोत्साहन दिनु पर्छ। उस्ले व्यवसाय गर्दा छोराछोरिलाइ हामिलाइ वहिला कर तिर अनिमात्रै व्यवसायगर भने जस्तै हो। त्यसैले यसलाइ निसुल्क गर्नु पर्छ। विकसित मुलुक हरुमा कुनैपनि सुल्क नलिइकन व्यवसाय दर्ता गर्छन।

राज्यको कर तिर्ने सवाल उठ्ला त्यो स्वभाविकहो। कर कहिले तिर्ने भन्दा जव एउटा व्यवसायि नाफामा जान्छ तवमात्रै कर तिर्नु पर्छ। बर्को कुरा हामि अहिले विधेयको होडवाजिमा छौं हामिले अहिले विधेयक भन्दापनि क्वाइलेटमा जान खोजेकाहौ। या क्वान्टिटिमा जान खोजिराखेकाहौ योकुरा हामि वुझिराखेका छैनौ। यो भन्दा पहिले ३२ वटा विधेयक वनेका छन म अहिले एउटा विधेयकको उदार्ण दिन चाहान्छु। विपद व्यवस्थापन विधेयक हामिले वनाइ सकेकाछौ र ९ वटै जिल्लामा जन धनको छेति भएकोछ। कुनै ठाउमा कृषक हरुले ठुलै छेति व्यहोरेकोछ। अझै भन्नुपर्दा हपउ पग्लेको छैन र कतिसम्म छेति भउकोछ भन्ने कुराको एकिन भएको छैन । यदि विधेयकलेनै काम गर्नेभए अहिलेसम्म सुदूर पश्चिमका जनता हरुले यसको राहत पाउन सकेका छैनन्। यसकारण मैले भन्न खोजेको केहो भने विधेयक वन्दैमा केहि हुनेवाला छैन त्यो विधेयकलाइ कार्यान्वयनमा ल्याउनु पर्छ। यो विधेउयकमा पनि धेरै कमि कमजोरि हरु छन जस्तोकि १ वर्ष भत्र सोहि प्रकृतिको व्यवसाय दर्ता गरेमा १ वर्ष सम्म दर्ता गर्न नपाउने भनेको छ। १ वर्ष सम्म आखिर किन ३ महिना सम्म राखेत भै हाल्छनी । यसले गर्दा कसैलाइ वन्लदेज गर्ने काम गर्नु हुदैन र यसमा धेरै कुराहरु समेटुनु पर्छ। यो ल्याउनु भन्दा पुर्व हामिले विज्ञ संग सल्लाह गरेका छौकि छैनौ उद्ध्योगि हरु संग सल्लाह गरेका छौकि छैनै । सम्वनधित सरोकार वालाहरुलाइ वोलाएर समितिमा दफावार छल्फल गराएर विधेयक नमुना युक्त वनोस भन्दै विदा हुन्छु धन्यावाद।

**मा० अमर वहादुर साउदः -**

माननीय सभामुख महोदय नेपालको संविधानको धारा १९७ अनुसार सुदूर पश्चिम प्रदेश सरकारको उद्ध्योग पर्यटन वन तथा वातावर्ण मन्त्रालय ले निजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ सम्मानित सदनमा सामान्य छलफलको लागि पेष भएकोछ। यसका लागि सम्वन्धित मन्त्रालयलाइ धन्यावाद दिन चाहान्छु यसमा समान्य छलफल गरि रहदा सुरुमै निजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक भन्नु भन्दा पनि यसमा निजि व्यवसाय संचालन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेक २०७६ गर्दा वढि उपयुक्त हुन्छ होला भन्ने मैले ठानेको छु। जाहाँ सम्म व्यपार व्यवसायमा अरु प्रदेशको तुलनामा पछाडि परेको प्रदेशछ। याहँका व्यवसायि हरुले निजि तथा साझेदारि व्यवसाय विगत लामो समयदेखि नविकरण गर्ने सवालमा विभिन्न कारणले अहिलेसम् नविकरण गरिनसकेको गुनासो व्यवसायि हरुको रहि आएकोछ। यो विधेयक ढिलै भएपनि अहिले सम् ति व्यवसाइ हरुले व्यवसाय नविकरण नगर्दा व्यवसायि हरुले आन्तरिक राजस्व तिरेको प्रमाणपत्र नपाउदा विभिन्न खालका समस्या भोग्नु परेकोछ। जाहासम्म ति वाधा अड्काउ हरुलाइ यो विधेयकले निकास दिनेछ भन्ने मलाइ लागेकोछ। विषेस गरि यो विधेयकमा तोकिए वमोविम हुनेछ भन्नेकुरा मैले पाएकोछु। यो तोकिए भन्दा पनि कर्यनित वनउदा अहिले सम्म हामिले जनाएका जतिपनि विधेयक हरु को कार्यनिति वनाएको छ। त्यसमा वडि त्रुटिहुने गरेकोछ। र जुन हाम्रो पुर्वाधार विकास कार्यनित वनाएकोछ त्यसले हरेक क्षेत्रलाइ छुटाएको छ। यो विधेयक वनाउदा सदनमा सामान्य छलफल हुन्छनै र समितिमा पनि दफावार छलफल हुनेनैछ । कार्य विधि वनाउदा पनि सम्वन्धित मन्त्रालयले वडि छलफल गर्नुपर्ने जस्तो मैले देखेकोछु। त्यो कार्य विधि वनाउदा पनि व्यापक ढंगले छलफल र केहि सरोकार वाला हरुसंग छलपल हुनु पर्छ। भन्ने मलाइ लागेकोछ। प्रदेश कम्पनिको कुरात सम्वन्धित मन्त्रालयले ल्याएको छ । तर प्रदेश एनको कुरा याहाँ आउको छैन। मलाइ लाग्छ प्रदेश कम्पनि एन का कुराहरु याहाँ ल्याइ दिएको भए ३ वटै कुराहरु अगाडि वड्थे र कसरि एक बर्काका परिपुरक हुनेथिए यसमा हामिले एक अर्कालाइ कसरि छुटयाउने सजदारि कम्पनि र कम्पनिऐन सहित ३ वटैमा संगै छलफल गर्दा र सरोकार हरुलाइ वोलाउर संगै वोलाएर छलफल गर्दा अझ राम्रो हुने थियोकि भन्ने मेरो वुझाइ छ र यो विधेकमा सके सम्म हाम्रा सुदूर

पश्चमका उद्ध्यो व्यवसायि हरुलाइ वोलाएर छलफल गर्दा अझ राम्रो हुनेछ र अझै पनि यो विषायमा हामि अझैपनि गहन ढंगले हामि समितिमा छल्फल गर्नेछौ भन्दै हवस्त धन्यावाद

नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म उद्योग,पर्यटन ,वन तथा वातावरण मन्त्री माननीय माया भट्टको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**माननीय मन्त्री कृष्ण राज सुवेदीः -**

माननीय सभामुख महोदय निजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ माथी माननीय ज्यू हरुले असाध्यै महत्व पुर्ण सुजव दिनु भएकोछ। यि सुझवलाइ ग्रहण गरेर यो विधेयकलाइ अझै प्रस्कृत र परिमार्जन गर्दै सम्पुर्ण सुदुर पश्चिमका निजि व्यवसायि हरुको हक हितमा यसलाइ अझ कसरि वनायन किन्छ भनि विद्वान माननीय ज्यू हरुका अमुल्य सुझाव हरुलाइ ग्रहण गर्दै अगाडि वड्नेछ। यो विधेयकमा सुल्कका कुरा आएकाछन साझेदारि निजि व्यवसायलाइ अगाडि वडाउने कुरा हरु आउका छन यि केहि यो विधेयकमा नसमेटिएका कुराहरु छन भने पनि सरकार माननीय ज्यू हरुका अमुल्य सुझाव हरुलाइ लिएर अझै पुर्ण रुपले अगाडि वडाउने कुरामा सरकार पर्तिवद्धछ। त्यसै जुन माननीय ज्यू हरुले सुझाव दिनुभो र केहि माननीय ज्यू हरुले बझै समितिमा छलफल हुनेछ भन्ने कुराको आसय राख्नु भएकोछ। हामिले यसलाइ त्यता तिर पनि अगाडि वडाएर त्यो विधेयकलाइ पुर्ण रुपमा अगाडि वडाउने कुरा प्रदेश सरकारको तर्फवाट पर्ति वद्धता व्यक्त गर्दै विदाहुन्छु धन्यावाद

**माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले ७२ घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

**माननीय सदस्यहरू,**

नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६ माथिको आजको कार्बाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म उद्योग,पर्यटन ,वन तथा वातावरण मन्त्री माननीय माया भट्टको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको

विधेयक,२०७६ माथि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को (१) बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय कृष्णराज सुबेदी**

सभामुख महोदय साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ माथी प्रदेश सभा नियमा वलि २०७४ को नियम १०७ को १ वमोजिम सभामा समान्य छलफल गरियोस भनि यो प्रस्ताव पेश गर्दछु धन्यावाद

**माननीय सदस्यहरू,**

अब, म साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथि विचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***("हुन्छ" भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

***("हुन्न" भनेपछि)***

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छ । सर्वप्रथम **माननीय महेश दत्त जोशी** लाई समय दिन्छु ।

मा० महेश दत्त जोशीः-

माननीय सभामुख महोदय साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ यसको सैद्धान्ति विषयमा यो गरिमा मय सदनमा छलफल गर्दा प्रदेश सरकारको उद्ध्यो वन तथा वतावर्ण मन्त्रालयले यो जुन विधेयक ल्याएको छ सरकारले निस्चित रुपमा प्रदेशका जनता हरुलाइ व्यवसाय गर्न सहज होस व्यवसाय संचालन गर्दा सरकार सहयोगि रुपमा काम गरोस र एउटा वैधानिक तरिकाले व्यवसाय संचालन होस भन्ने उद्यस्यका साथ यो जुन विधेयक आएकोछ यो स्वागत योग्यछ। यो पास भैसकेपछि सुदूर पश्चिमका व्यवसाय संचालन गर्ने मनसाय भएका जनताले सहज ढंगले दर्ता गरेर व्यवसाय संचालन गर्ने गर्ने मनसाय यो विधेयकको रहेको देखिन्छ। तर यसको षिर्सक हेर्दा खेरि साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा भन्दियाछ। र दर्ताले मात्रै

पुगदैन र दर्ता गरेर फाइल घर्रामा राखेर व्यवसाय संचालन हुदैन। यसलाइ संचालनको कुरा सरकारले स्पस्ट रुपमा ल्याउनु पर्दछ। अव यसमा सन्सोधन हालेर हुनेहो या सन्त्री ज्यूले सन्सोधन नहालिकन मान्नु हुनेहो हामि यसलाइ समितिमा तत् तत् समितिमा गएर हामि छलफल गरेर मन्त्रि ज्यू यसमा सहमत हुनेभए यसलाइ मिलाउन सकिने अवस्था रहन्छ। मन्त्री जी मान्नु भएन भने सन्सोधन कालागि हामिले प्रदेश सभा नियमावलिको माथतमा रहेर हामिले गर्नु पर्ने हुन्छ । त्यसैले यसको षिर्सकनै दर्ता संचान सम्वन्धमा भनिदियो भने। काम गर्ने व्यक्तिलाइ सहज  हुनेछ। र यसलाइ दर्ता गर्न अर्को विधेयक लिनु पर्ने अझ काम गर्न कारिन्दाको लागि छुट्टै विधेयक कति विधेयक ल्याउने त्यसैले मेरो यसमा सैद्धान्तिक सुझाव केछभने निजि र साझेदारि भनेको पनि एउटैहो। निजिमा हामिले छलफल गर्यैं निजिर सहकारि भनेको पनि एउटैहो साझदारि भनेको सरकारि हुन त्योपनि निजिनैहो । दुइवा दूइ भन्दा वडि व्यक्तिदे संचालन गर्ने व्यवसाय लाइ साझेदारि भनिन्छ। दुइ वा दुइ भनुदा वढि व्यक्ति भएभने त्योपनि निजिनैहो । हाम्रा व्यवसाय हरु ३ प्रकारका हुन्छन। सरकारी सहकारी र निजिको भन्छौ भने सहकारि भन्ने सव्द पनि याहाँ आएन एककिसिमले सहकारि पनि निजिनै मानिएकोछ। सहकारिले काहाँ गएर संचालन गर्नेत व्यवसाय हामिले ३ खम्वे अर्थ निति भनेका छौ हामिले हामिले स्वुकारेका छौ । मलाइ अचम्म लागेकोछ। सुदूर पश्चिम सरकारको सरकार सहकारि लाइ चिन्दैन कुनै पनि कार्य क्रममा आउदैन वित्तिय क्षेत्रदेखि तमाम कुराहरु हामिले भोगि सक्यौ । सहकारिलाइ ओझैलमा राखेर हामिले कसरि सम्वृधि गर्न सक्छौ। हाम्रो संविधानमा लेखिएको छ। हाम्रो यो कार्यान्वयनमा रहेको संविधान २०७२ मा लेखिएको छ ३ खम्वे अर्थ निति भित्र सहकारि भनेर सहकारिलाइ पनि व्यवसाय गर्नका लागि यो संविधानमा ठाउँ हुनु पर्दछ। अव त्यसका लागि संसोधनै हाल्नु पर्नेहो या मन्त्रीजीले यसलाइ स्विकार गरेर अगाडि वड्नु पर्नेहो भन्ने कुरालाइ पनि म याहाँ राख्न चाहान्छु । यो गरिमामय सदनले यो कुरालाइ गम्विरता पुर्वबक विचार गरोस। हामि रोजगारिको समस्या हामि देखिरहेका छौ हामि आर्थिक मन्दिको समस्या हामि देखिरहेकाछौ। हामिले आयात लाइ घटाउनुछ हामिले आत्म निर्भर व्यवसाय संचालन गर्नुछ। यि कुराको लागि कुनुन वाधक भयो भने त्यस्ता कानून आवस्यक छैनन् ।  वरु भएकै नानूनले काम चलाउनु पर्छ । कनून हरु वनाएर झन झमेला गर्ने जनतालाइ झन समस्या गर्ने हैन । जनता अरुलाइ सहज ढंगले उहा हरुको व्यवसाय लाइ संचालन गर्ने । राज्यले कर लिने कुरा मात्रै हो त्यसैले यो विधेयकले व्यवसाय गर्नकोलागि हज ढंगले वाटो खुला गरिदेवस । सहकारिले उद्घोग संचालन गर्नेकुरा राज्यले स्वुकारेको विषय हो। त्यो उत्पादन हुन्छ भने त्यसले व्यवसाय पनि हुन्छ । दुध व्यवसाय सहकारि हरुले गरिरहेका छन । अहिले ठुला ठुला कुटिल र घरेलु उद्‌ध्योग हरु सहकारिले संचालन गरिरहेका छन। त्यसमा व्यक्ति हरु संचालित छन अहिले भइरहेका छन दर्ता गर्ने प्रकृयामा छन तिनि हरुको विषयमा के हुने भनेर यो विधेयकमा मैले कहि देखेन। यि सैद्धान्तिक कुरा हरुलाइ समेट्नु पर्छ अव दर्ता हाने कुरात छदैछ। जुन गर्ता भएर संचालन भइरहेकाछन सहकारि व्यक्ति र साझेदारिमा त्यो सम्वन्धमा पनि यो विधेयकले सैद्धान्ति अवधारणा ल्याउनु पर्छ। ति वन्द हुने अवस्थामा रहलान न्यायिक अदालत तिर जानेहो भने खारिज हुने अवस्थामा रहलान यस्तो अप्ठेरो अवस्था सृजना गर्नु हुदैन । कानून भनेको एक प्रकारको हतियार पनि हो । यदि हतियार चलाउदा खेरि स्वयम हतियार चलाउने लाइ समेत नोक्सान हुन सक्छ । त्यसैले हतियार वनाउदा खेरि हामिले एउटा नियमा भित्र राख्न खोजेका हुन्छौ। त्यसैले त्यो नियम भित्र राख्दा खेरि व्यवसाय फस्टाउछकि फस्टाउदैन। व्यवसाय लाइ हामिले सजिलो गर्न खोज्यौकि अफ्ठेरो गर्न खोज्यौ यि कुरा हरुलाइ पनि हामिले सैद्धान्तिक रुपले विचार गर्नु पर्ने हुन्छ। त्यस कारणले मैले भन्न खोजेको केहो भने सरकारले करिव करिव व्यवसाय संचालन गर्न नखोज्ने अहिलेको जमानाछ। तिन तहको कुरा गर्दा एउटा सरकारले गर्छ र निजिले गर्छ सथै सहकारि र निजिले मिले पनित गर्न खोज्छ। कतिपय ठाउमा निजि क्षेत्र संग मिले र सहकारिले व्यवसाय गर्न सक्ने कुरा यो विधेयकमा व्यवस्था हुनु पर्छ। त्यो व्य वस्थाको

लागि याहँ साझेदारि भनिसके पछि याहाँ भन्नु पर्ने केहो भनेदेखि व्यवसाय दर्ता तथा संचालन गर्ने विधेयक २०७६ भनिदियो भने हामि तल २ वा २ भन्दा वडि व्यक्ति भनेर पनि हामि भन्न सक्छौ । व्यवसाय दर्ता वा संचालन सम्वन्धमा विधेयक भनिदिने यदि कानून दाइ हामिले राम्रो वनाउने हो भने यसले सजिलो गर्छ नत्र यसले अपठेरो पनि गर्न सक्छ। एक पर्कारिको झमेला हुन्छ कानूनि अड्चन हरु हुन्छन। यि झन्जड हरु झेल्न सक्दैन जनताले र व्यवसाय वाट भाग्नु पर्ने अवस्था हुन्छ। कतपपय अहिले संचालनमा नरहेका व्यवसायलाइ खारिज गर्नेकि केगर्ने भन्ने समस्या भएको हामिले देखि राखेका छौ। उनि हरुको टाउकोमा कर परेको परेइछ खारिज गर्न एउटा दफा पाउन सकेका छैनन्। वन्द कसरि गर्ने र उनि हरुले त्यसलाइ संचालन कसरि गर्ने यि तमाम झन्जड हरुका कारणले व्यवसाय हरु संचालन नभएको कुरा हरु व्यवसायी हरुले हामिलाइ भनिरहेका छन। त्यसैले यो विधेयका वारेमा हामिले सरोकार वाला हरुलाइ वोलाएर व्यापक रुपमा छलफल गर्नु पर्ने हुन्छ। याँहाका उद्ध्योग व्यवसायि हरुलाइ वोलाउनु पर्ने हुन्छ । उनि हरुको सुझाव सल्लाह हामिले लिनुपर्ने हुन्छ। त्यसैले यसलाइ हाम्रो तत तत समितिले यसलाइ वहसको रुपमा अगाडि वढाओस । सहकारि हरुलाइ वोलाइयोस संचालनमा रहेका व्यवसायि हरुलाइ वोलाइयोस । र अव दर्ता गर्ने मनसाय भएका व्यक्ति हरुलाइ समेत राखेर यो विसयमा वृहत छलफल होस अलि समय होस भनेर यो गरिमामय सदनमा हार्दिक अनुरोध गर्न चाहान्छु। सरोकार वाला हरुको सुझाव आइसके पछि मात्रै हमिले यसलाइ संचालन गर्नु पर्ने देखिन्छ। विधेयक लाइ व्यवस्थित ढंगले अगाडि वडाउनको लागि विज्ञ हरुको आवस्यक्ता पर्छ। यसको लाग हामिसित विज्ञको अभाव छ भनेर हामिले यो समितिमा पटक पटक कुरा उठाउका छौ । विज्ञ भनेको कानूनि विज्ञ मात्र हैन । व्यवसा सम्वन्धि विज्ञ हरु कानूनका ज्ञाता हरु पनि ठिकछ। आवस्यक पर्लान तर विषयका तत तत विषयका ज्ञाता हरु हमिलाइ २ किसिमका विज्ञ हरुको आवस्यक्ता हुन्छ। यसको व्यवस्थाको लाग पनि म सभामुख मर्फत अनुरोध गर्न भन्दछु  किन भने हामिले विज्ञ ल्याउनेहो भने त्यसका केहि अरु आवस्क्ता पनि हुन्छन। साधन स्रोतका आवस्यक्ता हुन्छन त्यसको व्यवस्था सरकारले गर्दैन। हामिले समितिमा पटक पटक यि कुराहरु उठाएका छौ र हम्रो ४ वटै समितिले यो कुराको निर्णय गरेर सरकारलाइ पठाइ सकेका छौ। यो विषयमा भौतिक र आर्थिकको व्यवस्थापन गरोस सरकारले भनेर सरकारले ति कुरा हरुरलाइ टेर्दैन सरकार मन मौजिछ भनेर याहाँ कुरा उठेका छन। यो सैद्धान्तिक वहसमा यो कुरा राख्न चान्छु । सरकारले यसरि सरकारनै स्थाइ होकि भन्ने ढंगले मनमोजि ढंगले जाने हैन। स्थायि त सदन हो सरकारत अस्थायहो नितगत रुपमा सरकारले सदन लाइ सहयोग गर्नु पर्छ र मिनि सदन भनेका हाम्रा समिति हरु हुन । मिनि सदनलाइ मिनि माइज गरेर कानून कसरि मज्वुद हुनछत मिनि सदन लाइ सरकारले देखेकै छैन। मिनि सदनमा हामिले पटक पटक सहकारिका कुरा उठायौ पटक पटक साझेदारिका कुरा उठायौ। आर्थिक कठिनाइछ। मनव संसाधनको कठिनाइछ । मिलेरनै मान्छेले काम गर्न खोजिराखेका छन। २५ वा २५ भन्दा वडि मिले वनाएको व्यवसाय लाइ हामि सहकारि भन्छौ। त्यो विषयमा सरकारले वुझिदिनु पर्यो याँहा सहकारि मन्त्रलय पनिछ। सरकार उसलाइ चिन्दै चिन्दैन सरकारले उसको अवधारणात वुझिदिनु पर्यो। यसरि मात्रै व्यवसाय अगाडि वड्छ। नत्र यो विधेयक ल्याएर व्यवसाय चल्नु भन्दा भएका व्यवसाय पनि वन्द हुने अवस्थामा पुग्नेछन। त्यसैले यसलाइ अलि वृहत ढंगले छलफल गर्ने मौका मिलोस भन्ने कुरालाइ यो गरिमामय सदनमा अनुरोध गर्दै यसका सवै सरोकार वालाहरु सित छलफलहोस भन्दै विदा हुन्छु हवस्त धन्यावाद

मा० टेक वहादुर रैकाः- माननीय सभामुख महोदय साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ लाइ यो अति महत्व पुर्णहो र ल्याउनमा अलि ढिलाइ भयो। यसलाइ छिटो र छरितो लिएर कार्य क्षेत्र अगाडि वढँउनु पर्ने थियो । ढिला भाछ । ढिलापनि कसरि भाछभने साझेदारि उद्ध्योग गर्ता गर्नमा विषेस यज्ञ संग वसेर छलफल गरेर हामिले लिएका हौ। वा सोझै मन्त्रालय वाट पेष भएकोहो। धेरैजसो

पाटनरमा उद्ध्यो चलाएका मान्छेहरु सके एकल अलाउनु दोकल कहिलै नचलाउनु त्यसमा घाटा हुन्छ भन्छन। त्यो हामपले व्यापक रुपमा देखेका छौ र धेरैकुराहरु यसमा लेखेका छन। यसलाइ दफावार छलफलमा २ वा ३ सव्दमा समेत कार्यान्वयन को कुरा लेखेकोछ। साझे दारि गर्नको लागि २/३/४/५ जना पनित हुन सक्छननी लगानिको आधारमा यसता कुराहरु धरै सुधेका कुराहरु पनि यसमा छन। र कानून वनाउनु ठुलोकुरा हैन कार्यान्वयन पक्षमा यसलाइ ध्यान दिनु पर्छ। यसमा के लेखेकोछ भन्नु हुन्छ भने साझेदारि व्यवसायमा मुनाफहुने गरि २ वा २ भन्दा वडि व्यक्ति हरुले पर्तेक साझेदारले साझा नाम राखि प्रतेयक साझेदारि व्यवसाय संचालन हुनेछ । भनिएकोछ। भनेकोछ यसमा १वा २ व्यक्तिले पनि हुन सक्दैन साझेदारि भनेको त्यसमा १० जना पनि आउन सक्छन। पुजिगत लगानि वाड भाडको हिसाफले संख्या वड्न सक्छ। अनि युमा सुधार गरौ भन्ने मेरो मागछ। कुनै एउटा घरले चलाएकोछ भने त्यसका ४ वटा भाइ यदि विधिवध रुपमा अंस वण्ठा गरेर वसेका छन भने त्यसलाइ पनि साझेदारि भन्न पाउनु पर्छ। भन्ने मरो माग हो।
माइक वन्द भएर नसुनिएकोले  यो सुजाव हो। व्यवसाय नविकरण व्ववसाय दर्ता अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ। फेरि माइक वन्द भएर नसुनिएकोले

मा० शान्ति नेपालीः-
अहिले सवै भन्दा महत्व पुर्ण आर्थिक सम्वृद्धि संग जोडिने विषय सम्वृद राष्ट्र सुखि नेपालि वनाउने विषय आर्थिक करान्तको लागि राष्ट्रले लिएको माहान रणनिति लक्ष लाइ पच्छ्याउने हिसाफले जसरि सुदूंर पश्चिम प्रदेश सरकारले महसुश गरेर ढीलै भएपनि व्यवस्थपत मर्यादित तरिकाले संचालन गरेर सुदूर पश्चिम वासिलाइ आर्थिक रुपमा आत्म निर्भर वनाउने आर्थिक सम्वृधि ल्याउने र गरिवि वेरोजगारिलाइ अन्त गर्ने हेतुले यो ऐतिहासिक विधेयक सदनमा टेवल भएकोछ। मलाइ लाग्दछ साझेदारि व्यवसाय दर्ता मात्रै हैन संचालन लाइ जोडेपछि अझ वृहत र विसाल हुन्छ। यसै सित यो निजि र साझेदारिलाइ एउटैमा मिसाएर लैजादा अझ राम्रो होला भन्ने मेरो सुझाव रहेकोछ। जुन राष्ट्रले अवलम्वन गरेको ३ खम्वे अर्थ नितिलाइ जोड्दै यो सरकारले पनि विधेयक कानून क्ष्यणिक समयका लागि हैनन् । सदियौ सम्मकालागि हुन। सके सम्म यसलाइ सन्सोधन गर्न नपरोस पहिलो प्रदेश सभाले गरेका कानून अफ्ठेरा नपरुन यसले सधैभरि काम गर्न मिल्नेगरि ल्यउनु अझ प्रभाव कारिता हुन्छ। त्यसैले मलाइ लाग्दछ हाम्रो अर्थ तन्त्रलाइ जवड्नका लागि मलाइ लाग्छ विस्वका जुनसुकै मुलुर पनि उद्ध्योग व्यापार र व्यवसायले एउटा सम्वृध राष्ट्र वनाएका छन । यसलाइ सहकारिमा जोड्ने गरि यसलाइ ऐतिहासिक ढंग वाट दफावार छलफलका लागि समितिमा लिएर अझ यसमा विज्ञ वोलाएर छलफल गराएर यसका प्राविधक समस्या पनि निराकरण हुने गरि अलि वृहत तरिकाले छलफलको लागि सम्वन्धित छलफलमा लैजानु पर्दछ। साच्चिकै यो विधेयक सुदूर पश्चिम सरकारलाइ १ न० प्रदेश वनाउने विधेयक हो जस्तो मलाइ लाग्दछ। यसले सवै संग जोडेर लैजान सकिने विधेयक भउकोले उसैपनि सुदूर पश्चिम प्रदे प्राकृतिक रुपमा धनि प्रदेश भएर पनि साधन स्रोतलाइ परिचालन गर्न नसकेकै कारण सुदूर पश्चिम सरकार गरिविको रेखामुनि रहन गएकोछ। त्यसैले यो गरिवि वाट प्रदेश लाइ उनमुलन गर्नका लागि विचौलियाले यो प्रदेशलाइ अन्यौलमा पारेका छन। त्यसैले यसलाइ गहिरो ढंगवाट परिचालन गरेर नितिमा परिमार्जन गरेर उहाँ हरुलाइ राज्यको मुल प्रवाहमा व्यएर विधेयकको मक्सद अनुसार ति व्यपारि उद्ध्योगि र व्यवसायि हरुलाइ अगाडि वडाउनको लागि यसले राहत हुनेछर अनि मात्रै सुदूर पश्चिम सरकारको आत्म निर्भर्ता साम्वृधि र गरिविको अन्त हुनेछ। यो परिकल्पना ऐतिहाँसिक परिकल्पना हो र यसकालाग गहिरो ढंगले सरोकार वाला हरु संग छलफल गरेर पर्तक्ष भुक्त भोगि संग सुदूर पश्चिममा त ८/१० वटा उद्ध्योग मात्रै देखिन्छन ।हेर्दा खेरित ति पनि केहि पाउरोटि जस्ता स-साना उद्ध्यो हरु मात्रै संचालनमा रहेका छन। अरु वन्द भइसकेको अवस्था छ। जो मान्छे उद्ध्योगगमा हात

हाल्छन तिनै मान्छे अर्को वर्ष दुखेसो गरिरहेका हुन्छन। गुनासा हरु पोखिराखेका हुनछन । जेहोस ढिलै आएपनि महत्व पुर्ण विधेयकहो यसमाथि राम्रो ढ्गले छलफल गरेरै अगाडि वड्नु पर्छ भन्दै विदाहुन्छु धन्यावाद।

**मा० अम्वि कुमारी थापाः-**

माननीय सभामुख महोदय साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ माथि हामि छलफल गर्न गैरहेका छौ। यो साझेदारि व्यवस्थापन सम्वन्धमा वनेको विधेयक र निजि व्यवसाय दर्ता गर्ने सम्वनधमा विधेयक एउटै वनाएर ल्याएको भए अझ उत्तम हुनेथियो भन्ने लाग्छ। विधेयकका नाममा विधेयक मात्रै ल्याएको जस्तो लाग्छ। तर साझेदारि दर्ता गर्न लाग्ने पर्कृया र निजि दर्तागर्न लाग्ने पर्कृया एउटा एउटै लाग्छ लाइत त्यसैले साझैदारि विधेयक र निजि विधेयक एउटैमा ल्याइदिएको भए राम्रो हुने थियो भन्नेकुरा हरु म भन्न चाहान्छु। एउटा यो व्यवसाय दर्ता गर्न लाग्ने दस्तुर छ। त्यसमा दर्ता गर्दा निसुल्क दर्ता गर्ने व्यवस्था राखनु पर्छ र व्यवसाय संचालन भैसकेपछि मात्र दस्तुर लिने गर्नु पर्छ । व्यवसायि जुनसुकै व्यवसायिले पनि दर्ता गर्दा निसुल्क दर्ता गर्ने व्यवस्था यो प्रदेश वाटलागु हुनु पर्छ। अहिले सम्म संचालनमा रहेका विधेयकको वारेमा अहिले सम्म कुनै पनि विधेयकमा लेखिएको छन। अहिले सम्म विधेयकका नाममा विधेयक धेरै आए अहिले सम्म संचालनमा रहेका विधेयकलाइ पनि विधेयमा समेटिनु पर्थ्यो अहिले सम्म संचालनमा रहेका व्यवसाय हरुका वारेमा पनि यो विधेयकमा प्रस्ट लेखिनु पर्थ्यो भन्ने कुराहरु म भन्न चाहान्छु। थुप्रै कानून ३२ वटा विधेयक हरु हाम्रो प्रदेशसभा वाट पारित हुदै गर्दा हाम्रो कार्यान्वयनमा कमै विधेयक हरु लागु भएका छन हाम्रो सुशासान विधेयक पनि छ कार्यान्वयनको पक्षमा कतिको लागु हुन्छ भन्ने कुरा हामिलाइ कता कता लागिरहेकोछ। त्यसैले दर्ता गर्दा व्यवसायको पुरै नाम भनेकोछ। पुरा नाम भनिसके पछि व्यवसायिले पुरैनाम दर्ता गर्नेछ। पर्णनामको हुने र कुनै पनि व्यवसाय दोहोरो अर्थ लाग्ने खालको नभइ प्रस्त नाम राखिनु पर्छ भनेकोछ। यसले माथिनै पर्षठ गरिसकेकोछ व्यवसायिको पुरा नाम भनिसकेपछि तल यति लेखिरहन पर्दैन जस्तो लाग्छ मलाइ । अर्को छ स्थानिय तहमा निजि व्यवसायि दर्ता र स्थानिय तहमा साझेदारि व्यवसाय दर्ता भनेकोछ। अन्य सम्वन्धि व्यवस्था तवके वमोजिम हुनेछ भनेको छ। यो तोकिए वमोजिम भनेकव केहो मैले यसलाइ पर्स्ट वुझैन कुनै पनि नियम कानून वनाउदा कुनै पनि विधेयक ल्याउदा जनताले पर्ष्ट संग वुझ्नेगरि हुनु पर्छ । तोकिए वमोजिम भनेको कानूनले तोके वमोविम होकि मैले वुझ्न सकेन यस्का लागि प्रस्ट मन्त्रिले भन्नु हुनेछ भन्ने कुराहरु भन्न चाहान्छु। अव हामिले विधेयकलाइ सम्वन्धित समितिमा पठाएर दफावार छलफलका लागि पठाउनु पर्नेछ र यो व्यवसाय संचालनमा रहेका व्यवसायिहरु संग पनि छलफल गर्नु पर्नेछ। त्यो छल्फलवाट अहिले सम्म उहाहरुले भोगेका समस्याका वारेमा हमि प्रस्ट हुनेछौ। सम्वन्धित क्षेत्रका विज्ञहरुलाइ वलाइ समितिमा दफावार छलफल होस भन्दै म विदा हुन्छु धन्यावाद

**माननीय सदस्यहरू,**

साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब, म उद्योग,पर्यटन ,वन तथा वातावरण मन्त्री माननीय माया भट्टको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

**माननीय मन्त्री कृष्ण राज सुवेदीः-**

माननीय सभामुख महोदय साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६ माथी यो गरिमामाय प्रदेश सभामा असाध्यै महत्व पुर्ण सामान्य छलपल भएकोछ। यो विधेयकको वारेमा सुदूंर पश्चिमलाइ कसरि सम्वृदसालि वनाउन सकिन्छ। सुदूर पश्चिमका जनताको आधारभुत आवस्यक्ता लाइ कसरि परिपुर्ति गर्न सकिन्छ। साझेदारि व्यवसाय सहकारिका माध्यम द्वारा हुन्छकि आदि विषयमा जुन विद्वान माननीय ज्यू हरुले विचार राख्नुभो यो असाध्यै महोत्व पुर्ण विचारलाइ प्रदेश सरकारले गर्हण गरेकोछ। यो साझेदारि व्यवसाय दर्ता गरेने विधेयकमा केहि कतै कुनै पनि दफा उपदफा हरु परिमार्जित गर्नु पर्नेछन त्यस विषयमा सरकार सवैसंग सल्लाह गरेर अगाडि वड्न तयारछ। यो विधेयक गरिमामय सदनमा प्रस्थुत भएकोछ। आज सामान्य छलफलहो भोलि यो विधेयक वृहत छलफलमा जानेनैछ। आज यो महत्व पुर्ण विधेयकमा सुझाव सल्लाह दिनुहुने माननीय ज्यू हरुलाइ उहाँले राख्नु भएको अमुल्य विचार लाइ सरकारले गर्हण गर्ने कुरा याँहा हरुका विचमा राख्दै यस्ता अमुल्य सुझावको लागि सरकार सदैव आसावादिछ भन्दै विदाहुन्छु धन्यावाद

**माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले ७२ घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

**माननीय सदस्यहरू,**

साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

अर्को बैठक मिति २०७६ साल माघ महिनाको १७ गते शुक्रबार दिनको १:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।